जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १६० पृष्ठः ४ | २०८२ असोज २९ गते बुधबार (Wednesday 15 Oct. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ‘अभिभावकको भूमिकामा नगरप्रमुख पाएका छौं’



**जीवछ यादव**

लहान, २८ असोज। तराई मधेशमा दलित समुदायहरुको अवस्था अति नै दयनीय छन्। लहान नगरपालिकामा झण्डै २० हजार दलित समुदायहरु २४ वटै वडाहरुमा बस्छन्। अवास, उपचार र राहतका लागि लहान नगरपालिकाले खेलिरहेको अभिभावकको भूमिकाबाट दलित समुदाय खुसी देखिएका छन्। सामाजि सञ्जाल वा कुनै माध्यमबाट दलित बस्तीमा मानवीय संकट देखिएपछि राहत लिएर लहान नगरप्रमुख महेश प्रसाद चौधरी पुगिरहनुभएको छ। सबैभन्दा दयनीय अवस्था रहेको मुसहर समुदायको मृत्यु भएपछि दाहसंस्कार गर्न पाँच हजार रकम र खाद्यान्न राहत दिँदै आइरहनुभएको छ।

असोज २७ गते लहान नगरपालिकाको ग्रामीण भेगमा रहेको सबैभन्दा ठुलो र बढी जनसंख्या भएको वडा नम्बर २४ का तीन दलित परिवारमा खाद्यान्न लिएर पुग्नुभयो, नगरप्रमुख चौधरी। नौ वर्ष अघि वैदेशिक रोजगारमा कतार गएका रामनाथ पासवान कतारमा नै दुर्घटनामा परेर अपाङ्ग हुनुभएको थियो। रामनाथ पासवानको मृत्यु भएको खबर सामाजिक सञ्जालबाट थाहा पाएपछि एक क्वीन्टल चामल, पाँच किलो दाल, पाँच किलो नुन, चना मटर र तेल लिएर दैलोमा नै पुग्नुभयो, नगरप्रमुख चौधरी।

यसैगरी, त्यहाँ गाउँका ७५ वर्षीया मानकी पासवानकको समेत मृत्यु भएकाले राहत वितरण गर्नुभयो। सोही गाउँ बस्ने ४५ वर्षीय शिव कुमार सदाय भैरवाको

–बाँकी दुई पेजमा

## सिरहामा ८० प्रतिशत हस्ताक्षर कांग्रेसको विशेष महाधिवेशन पक्षमा

सिरहा, २८ असोज। नेपाली कांग्रेसको विशेष महाधिवेशनका पक्षमा सिरहामा करिब ८० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेर बुझाएका छन्। यहाँ दुई पक्षले छुट्टाछुट्टै हस्ताक्षर गराएका छन्। पार्टी जिल्ला सचिव शैलेन्द्र यादवका अनुसार सिरहा क्षेत्र–१ मा १९, २ मा १२, ३ मा २५ र ४ मा १९ जनाले हस्ताक्षर गरेका छन्। पार्टीको विभागबाट मनोनीत महाधिवेशन प्रतिनिधिहरु पनि हस्ताक्षर गरेका छन्।

सुरुमा जिल्ला सचिव यादव, सहसचिव रामबाबु यादव, उपसभापति सुनिल महतोलगायतले हस्ताक्षर गराइरहेका थिए। महासमिति सदस्य डाक्टर सुभाष चन्द्र यादव पनि छुट्टै हस्ताक्षर गराउन थालेपछि यहाँ संख्या ४० प्रतिशतभन्दा बढी पुगेको छ। मधेस प्रदेश महामन्त्री उपेन्द्र यादवदेखि जिल्लाका पदाधिकारीहरुले पनि हस्ताक्षर गरेका हुन्। उनी देउवा पक्षका छन्।

शेखर कोइराला पक्षमा रहेको दाबी गरेका नरेश यादव, मधेस प्रदेश सभा सांसद जिवछी यादव, रामदयाल यादवलगायतले नियमित महाधिवेशनकै पक्षमा रहेको बताएका छन्। तर, शेखर कोईराला पक्षकै जिल्ला सभापति प्रत्यासी रामसुन्दर चौधरी, पुनम चौधरी, अरुण केसीहरुले विशेषकै पक्षमा हस्ताक्षर गरेका छन्। कांग्रेसको विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेमा विशेष महाधिवेशन

–बाँकी दुई पेजमा

## सप्तरीमा करेन्ट लागेर युवकको मृत्यु

**विनय कर्ण**

सप्तरी, २८ असोज। सप्तरीको राजविराज नगरपालिकामा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। नगरपालिकाको वडा नम्बर १२ स्थित सिङ्योन घर भएका २१ वर्षीय अजय कुमार यादवको करेन्ट लागेर मृत्यु भएको हो। आफ्नो घरमा बिजुलीको बोर्ड बनाउने क्रममा करेन्ट लागेर यादव घाइते हुनुभएको थियो। घाइते उहाँलाई उपचारका लागि सोमबार गजेन्द्र नारायण सिंह अस्पताल राजविराज ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर पुरीले जानकारी दिनुभयो।

पाँच दिन अघि सप्तरीको सप्तकोशी नगरपालिका वडा नम्बर १ घर भएका २८ वर्षीय दिपेश परियारको आफ्नै घरमा जडान गरिएको पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर मृत्यु भएको थियो।



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि आव्हान



जनकपुरधाम, २८ असोज। मधेस प्रदेशमा नयाँ सरकार गठनको आह्वान गरिएको छ। प्रदेश प्रमुख सुमित्रा सुवेदीले मंगलबार नेपालको संविधानको धारा १६८ उपधारा (२) बमोजिम सरकार गठनको आह्वान गरेकी हुन्। मुख्यमन्त्री सतिषकुमार सिंहले राजीनामा दिएपछि उनले नयाँ सरकार गठनको आह्वान गरेकी हुन्। मधेस प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने सदस्यले असोज २९ गते ४ बजेभित्र मुख्यमन्त्री पदका लागि दाबी पेस गर्न सकिने प्रदेश प्रमुख कार्यालयका निवर्तमान सचिव शत्रुघन यादवले ताए।

## खाद्य गुणस्तरमा ध्यान दिऔं।

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं, अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं, खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

**स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## निहत्था नेपाली विद्यार्थीको कायरतापूर्ण हत्या

प्यालेस्टाइनको गाजामा प्रभाव जमाएर बसेको लडाकु दस्ता हमासले सन् २०२३ को इजरायलमा सांगीतिक महोत्सवमा सहभागीहरू १ हजार २०० को हत्या गरेर २५१ जनालाई बन्धक बनाएका थिए। त्यसपछि इजरायलले गाजा क्षेत्रमा गरेको भिषण आक्रमणबाट ६७ हजारभन्दा बढीले ज्यान गुमाए। यही द्वन्द्व गत शुकवारदेखि स्थगित भएको हो।

यसैले शुकवार संसारका लागि विशेषगरी इजरायली र गाजावासीका लागि विशेष हर्षको अवसर बन्न पुग्यो। दुर्भाग्य, हालैमात्र देशमा कहिल्यै नभएको विध्वंस भोगेका नेपालीका लागि भने शुकवार थप दुःखद समाचार लिएर आयो। हमास लडाकुहरूले बन्धक बनाएका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइ पर्खेर बसेका उनको परिवारलगायत नेपालीले उनी जीवित नरहेको दुःखद समाचार सुन्नुपऱ्यो। नेपालीहरू पनि गाजामा उत्पन्न मानवीय सङ्कटबाट चिन्तित थिए। तर, आफूसँग सरोकार नभएको युद्धमा बन्धक बनाइएका जोशीको हमासबाट भएको हत्याले संघर्ष रोकिएको समाचारले पनि खासै उत्साहित बनाउन सकेन। विपिन जोशी इजरायलमा अध्ययनरत थिए। बन्धक बनाइएदेखि नै नेपाल सरकार र उनका परिवारले विपिनको रिहाइका लागि अन्तर्राष्ट्रिय समुदायसँग अपिल गरिरहेका थिए।

निहत्था र निर्दोष विपिनको कायरतापूर्वक हत्या गर्नेहरूले उनका बारेमा सूचनासमेत लुकाइराखे। परिवार र इजरायलस्थित नेपालका राजदूतलाई इजरायली सेनाले उनी जीवित नरहेको सूचना नदिँदासम्म पनि विपिनको व्यग्रतापूर्वक प्रतीक्षा भइरहेको थियो। यसले पनि विपिनको परिवार र नेपाली जनमानसलाई थप व्याकुल बनाएको हो। कम्तीमा विपिनका हत्यारा कायरहरूले बेलैमा जानकारी दिएका भए परिवारजनले यति धेरै मानसिक यातना त भोग्नुपर्ने थिएन १ विपिनलगायतका नेपाली विद्यार्थीहरू बन्धक बनाइएपछि देशभित्र भने एक प्रकारको ऐक्यबद्धता देखिएको थियो। त्यस्तै, इजरायल सरकार र इजरायली जनताबाट पनि विपिनको खोजतलासमा नेपाल सरकार र उनको परिवारलाई मानवीय सहयोग गरेर सद्भाव देखाइयो। यसका लागि नेपाल इजरायलप्रति कृतज्ञ हुनुपर्छ। यद्यपि, गाजामा इजरायली आक्रमणबाट उत्पन्न मानवीय सङ्कट तत्काल रोकिनुपर्छ भन्ने मान्यतामा नेपाल अडिग नै रह्यो।

यता नेपालमा पनि सामाजिक सञ्जाल र समाचार पत्रिकाहरूमा पनि विपिनका सम्बन्धमा अपुष्ट समाचार दिएर भ्रम उत्पन्न गराउने प्रवृत्ति देखियो। सम्भवतः यस दुःखद घटनाले नेपालका सञ्चार कर्मीले पनि कम्तीमा संवेदनशील मानवीय विषयमा भ्रम फैलाउन पीडादायक हुन्छ भन्ने ज्ञान लिनु उचित हुनेछ। विपिनको कायरतापूर्वक गरिएको हत्याको भर्त्सना गर्दै हामी उनीप्रति श्रद्धाञ्जलि र शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्छौं। नेपाल सरकारले पनि विपिनको हत्याको निन्दा गर्नु उचित हुनेछ।

### 'अभिभावकको...

एक प्लाइउड उद्योगमा मजदुरको रुपमा काम गरिरहेनुभएको थियो। दुई महिना अघि दुवै खुट्टा भाँचिएको सदायको परिवारलाई राहत दिँदै नगरप्रमुख चौधरीले भन्नुभयो, ''हिँड्नलाई तत्काले वैशाखी र थप उपचार लहान नगरपालिकाले गर्नेछ। चिन्ता गर्नु पर्दैन, जसको कुनै सहारा छैन त्यसका लागि लहान नगरपालिका छ।'' स्थानीय दलित समुदायका अगुवा विन्देश्वर पासवानले दलित बस्तीमा उपचार गराइ दिइने र तत्काले घरमै आएर राहत दिइने नगरप्रमुख महेश प्रसाद चौधरी दलित समुदायका लागि असली जनप्रतिनिधि र अभिभावक पाएको सुनाउनु भयो। उहाँले थप्नुभयो, ''अहिलेसम्म कुनैपनि जनप्रतिनिधि दलित बस्तीमा यतिका अभिभाकत्वको भूमिका निर्वाह गरिएका थिएन।''

लहान नगरप्रमुख महेश प्रसाद चौधरीले लहानको विपन्न दलित बस्तीहरुमा फुसको घर व्यवस्थापन गरी आवास शिक्षाका लागि शैक्षिक सामग्रीको व्यवस्थापन र निरन्तर राहत वितरण गरिरहेको बताउनुभयो। ''लहान नगरपालिका प्रमुखमा निर्वाचित हुनुभन्दा अघि कोरोना कालमा समाजवादी नेता स्वर्गीय प्रदिप गिरीबाट प्रेरित भएर राहत वितरण गर्न सुरु गरेका थिए। नगरप्रमुखमा निर्वाचित भएपछि नगरपालिकाको बजेट विनियोजन गरेर नै यसको निरन्तरता दिँदै आइरहेका छौ,'' उहाँले प्रष्टयाउनुभयो।

# युवा रोजगारीमार्फत रूपान्तरण

**गीता सुवेदी**

युवा बेरोजगारी व्याप्त छ। अति ऊर्जाशील समयमा काम गर्न नपाएपछि त्यो ऊर्जा अन्त्यतिर मोडिनु कुनै नयाँ कुरा होइन। भनिन्छ – 'खाली दिमाग सैतानको घर हो।' त्यसैले अहिले मुख्यधारमा रहेका राजनीतिक दलहरूको सोच र प्राथमिकता केही फरक बनाउनुपर्ने हो कि जस्तो आमबुझाइ देखिन्छ। नेपालको करिब ६७ प्रतिशत काम गर्ने (१५–५८ वर्षको उमेर समूह) जनसंख्यालाई कसरी उत्पादनमुखी कार्यमा संलग्न गराउने भन्ने विषय आमप्राथमिकताका रूपमा हेर्नुपर्ने कुरा उठिरहेको देखिन्छ। सरसर्ती हेर्दा विद्यमान कानूनी व्यवस्था अर्थात् नीतिहरूलाई कसरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने भन्ने विषयमा विचार–विमर्श गर्नुपर्ने आवश्यकता देखिन्छ। सैद्धान्तिक रूपमा खाडल छ कि कार्यान्वयनमा समस्या हो वा प्रणालीमै कमजोरी छ भन्ने कुरा आमसरोकारको विषय बनेको देखिन्छ।

विभिन्न अनुसन्धानहरूले देखाए अनुसार अबको समय बोल्नेभन्दा बढी कार्यान्वयनमै ध्यान केन्द्रित गर्दा समग्रमा फलदायी हुने देखिन्छ। नीति तथा योजना त धेरै राम्रा बनेका देखिन्छन्, तथापि समयानुसार केही परिमार्जनका कुरा नभएका होइनन् तर तिनीहरूलाई कार्यान्वयन गर्ने कार्यकर्ताको कमी स्पष्ट देखिन्छ। सबै बोल्छन् वा 'यो गर्नुपर्छ', 'त्यो गर्नुपर्छ' भनिरहने तर काम गर्ने जमात अति कम देखिन्छ। त्यसैले अबको समय 'काम–काम–काम' अर्थात् योजना, नीति, ऐन र संविधानको कार्यान्वयनतर्फ गम्भीरतापूर्वक लाग्ने हो कि भन्ने कुरा आएको देखिन्छ। यसले मात्रै प्रणालीगत कमजोरी, बेथिति र खाडलहरू मेटाउन पनि सहयोग पुऱ्याउनेछ। सबै मिलेर स्थानीय सरकारहरूलाई केही समयका लागि ती बनेका नीति र योजना कार्यान्वयनमा सहयोग पुर्याउने अर्थात् आफ्नो सम्पूर्ण ऊर्जा त्यसतर्फ लगाउन प्रेरित गर्न सकेमा नेपालमा भएको बेरोजगारी र कामविहीनताको समस्यालाई अन्त्य गर्न सकिन्छ कि भन्ने कुरा आइरहेको देखिन्छ।

उदाहरणका लागि – युवाको रोजगारीका विषयलाई लिंदा पनि नीति र कानून पर्याप्त हुँदाहुँदै आज हजारौं युवा बेरोजगार छन् वा काम पाए पनि जीविकोपार्जनका लागि पर्याप्त आम्दानी छैन। धेरै युवा बाध्यतावश विदेशिनुपरेको छ। सरकारले आफ्नो श्रम बजारको माग र आपूर्तिको विश्लेषण गर्नैपर्छ भन्ने कुरा जतातैबाट उठिरहेको छ। लगानीका लागि आवश्यक पूर्वाधार छन् कि छैनन् भन्ने गम्भीर विश्लेषण आवश्यक देखिन्छ। विश्वव्यापीकरण र सूचना प्रविधिको तीव्र विकासले युवाले संसारलाई एउटै औँलाको भरमा देखेका छन् – उनीहरू पनि त्यस्तै अवसर चाहन्छन् तर हामीकहाँ आधारभूत पूर्वाधारहरू अझै अपर्याप्त छन्। युवाले वर्तमानमा जीउन चाहेको हुन्छ। उसको भित्रको जोशलाई सही निकास दिनु राज्यको मूल सरोकारको विषय पनि हो।

युवाहरू निराश देखिन्छन् र जवाफ खोजिरहेका छन्। त्यसैले राज्यले हरेक युवाको क्षमता र सीपको नक्सांकन गर्न अति आवश्यक छ। कसलाई कहाँ र कुन काम दिने भन्ने कुरा संविधानमा लेखिएको राज्यकै जिम्मेवारीभित्र पर्ने मौलिक अधिकार पनि हो। नीति निर्माता र कार्यान्वयनकर्ता वा कुनै पनि सार्वजनिक ओहोदाको जिम्मेवार व्यक्ति – सबैको साझा कर्तव्य अब नीतिलाई कागजमा मात्र सीमित नराखी व्यवहारमा उतार्न अलि बढी जिम्मेवार बन्नु पर्ने देखिन्छ। सम्पूर्ण समाज विश्लेषणमै धेरै अल्झिएको तर काममा कम ध्यान दिने गरेको हो कि भन्ने कुरा आइरहेको देखिन्छ।

शिक्षालाई रोजगारीसँग चाहे जति जोड्न सकिएको छैन। मानव स्रोतको सीप र ज्ञानको यथार्थ नक्सांकन छैन। बेरोजगारको आँकडा त छ तर समाधानका ठोस कदम देखिँदैनन्। स्नातकपछि निस्कने विद्यार्थीहरू ज्ञानवान् त हुन्छन् तर सीपको अभाव देखिन्छ। कामप्रतिको सम्मान संस्कृति कमजोर देखिन्छ। त्यसैले त्यसको निर्माण गर्न लाग्नुपर्ने देखिन्छ। विदेशमा युवा जुनसुकै काम गर्न तयार हुन्छन् तर देशभित्र त्यही काम गर्न लाज मान्ने अवस्था छ। कामलाई सम्मानित बनाउने सांस्कृतिक रूपान्तरण अति आवश्यक देखिन्छ।

हामीले नीति र योजना धेरै बनाएका छौँ तर स्रोत कसरी जुटाउने भन्ने बहस कम देखिन्छ। बोल्न सजिलो, प्रचार लिन सजिलो तर काममा देखाउन कठिन भएको छ। अहिलेको आवश्यकता कामका विशेषज्ञहरू तयार पार्ने हो। नीति बनाउने मात्र होइन, त्यसको कार्यान्वयनमा पनि ध्यान दिने बेला आएको देखिन्छ। सबैले एउटै काम गर्नुपर्छ भन्ने होइन, बरु कामको विभाजन र तालमेल हुन सके मात्र बेरोजगारी केही हदसम्म घट्न सक्छ।

यदि कसैले स्वदेशमै उद्यम गर्न चाहन्छ भने उसलाई 'उत्पादक व्यक्ति' को रूपमा सम्मान दिने वातावरण ल्याउनुपर्छ। जसले धेरैलाई रोजगारी दिएको छ उसलाई पुरस्कृत गर्न सकिन्छ। लगानीको सुरक्षा सुनिश्चित गर्नैपर्छ। श्रम बजारको सूचना प्रणाली विकास गर्नुपर्छ। कहाँ कस्तो अवसर छ, त्यो सार्वजनिक गर्नुपर्छ – चाहे त्यो जुनसुकै क्षेत्रको होस्। कुनै पनि रोजगारीलाई अधिकारका रूपमा दाबी गर्न पाउने वातावरण बनाउनुपर्छ जसले आर्थिक, सामाजिक र राजनीतिक सबलता सुदृढ गर्न सकोस्।

राज्यका सबै निकायको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने क्षमता बढाउन आवश्यक देखिन्छ। अहिले योजना, नीति र बजेटबीच तालमेलको अभाव देखिन्छ जसले गर्दा सोचे जति परिणाम दिन सकेको छैन। विद्यालयस्तरबाटै पढाइ र कमाइ जोड्ने अभ्यास शुरू गर्न सकिन्छ। शिक्षालाई सामुदायिक सेवासँग जोडेर हेर्दा राम्रो हुन्छ। प्रत्येक विद्यालयमा करियर परामर्श उपलब्ध गराउनुपर्छ ताकि युवाले आफ्नो क्षमतानुसार करियर छनोट गर्न सकोस्। विदेशबाट फर्केका युवाका सीप र अनुभवलाई पुनः एकीकृत गरेर समाज विकासमा उपयोग गर्न सकिन्छ।

राज्यले वैदेशिक रोजगारका लागि युवालाई सीपमूलक तालिमसहित पठाउनुपर्छ र पठाइएको रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्न सहज वातावरण बनाइदिनुपर्छ। विद्यालयमा कुनै पेशामा व्यावहारिक अनुभव भएका विज्ञहरूलाई निम्त्याएर ज्ञान आदानप्रदानको व्यवस्था गर्न सकिन्छ। कलेज र उद्योगबीच सम्बन्ध अनिवार्य बनाउन सकिन्छ, यसले शिक्षालाई व्यावहारिक बनाउन र श्रम संस्कृतिको विकासमा मद्दत गर्छ।

रोजगारी सिर्जनाका लागि लगानी आवश्यक पक्कै पर्छ। एनआरएनहरूलाई नेपालमै लगानी गर्न प्रोत्साहन प्याकेज बनाउन सकिन्छ। लगानी सुरक्षित हुने ग्यारेन्टी राज्यले नै दिनुपर्छ। विश्वविद्यालयसँग सहकार्यमा अनुसन्धान अनिवार्य गर्न सकिन्छ। जलस्रोत, कृषि, पर्यटन, साना उद्योगजस्ता क्षेत्रहरूमा रोजगारीका विशाल सम्भावना छन्। त्यसतर्फ कसरी जाने भन्ने बहस अब केन्द्रित गर्नुपर्छ। व्यवसायी, उद्योगकर्मी, श्रमिक संघ आदिसँगको सहकार्यमा रोजगारी सिर्जनालाई प्रोत्साहित गर्न सकिन्छ। स्वदेशी र विदेशी उद्योगहरूलाई सहज वातावरण दिऔँ। कानूनी अवरोधहरू हटाऔँ। आवश्यक जनशक्ति कस्तो हो भनेर राज्यले नै अनुमान गरोस् र त्यसअनुसार सीप विकास गर्ने रणनीति ल्याओस्। त्यति बेला मात्र संविधानमा लेखिएको 'श्रममा गरिमा', ''सम्मानित रोजगार र 'सामाजिक सुरक्षा' का मौलिक अधिकारहरू व्यवहारमा परिणत हुनेछन्।

हामी 'ध्यचम कबचत' त भयौँ तर 'म्यभच' हुन सकेनौँ। यही आजको नेपालको यथार्थ हो। बिस्तारै अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्रमा जोड्दै लैजानुपर्छ। सबै नेपालीको बैंक खाता खोल्ने वातावरण बनाऔँ। त्यसपछि कर प्रणाली स्वचालित हुनेछ। रोजगारका सबै क्षेत्र र लगानीलाई प्रविधिमैत्री बनाऔँ। प्रत्येक पालिकामा रोजगार सेवा केन्द्र स्थापना गरौँ जसले युवालाई सूचना, तालिम र अवसरका बारेमा सही समयमा सहजीकरण गर्न सकोस्।

रोजगारीको अर्को अवसर भनेको गाउँ–गाउँमा 'होम–स्टे' विकास गरौँ र स्थानीय उत्पादनलाई प्रवर्द्धन गरौँ। नयाँ पर्यटकीय गन्तव्य पहिचान गरौँ। प्रविधिको प्रयोग गरेर देशभित्र र बाहिर प्रचार गरौँ। पर्यटनलाई प्राथमिकता दिऔँ, यसले हजारौँ स्वदेशी तथा विदेशी पर्यटक ल्याउँछ र अर्थतन्त्र सुदृढ बनाउँछ। नेपालको बहुसांस्कृतिक सम्पदाबाट रोजगारी र आयआर्जनका पर्याप्त अवसर सिर्जना गरौँ। स्वदेशी ज्ञान र सीपलाई रोजगारी सिर्जनाको माध्यम बनाऔँ।

राज्यका प्राथमिकताहरू पूरा गर्न नागरिक समाज र विकास साझेदारहरूलाई स्पष्ट दिशानिर्देश दिऔँ तर आवश्यक नियमन पनि गरौँ। शिक्षाको श्रम बजारसँगको मिलन नदेखिनु राज्यको दीर्घकालीन लगानी खेर गइरहेको संकेत हो। त्यसका लागि विद्यालयस्तरमै सीप–आधारित शिक्षक तालिम प्रदान गरौँ। एकातिर पढाइ, अर्कोतिर रोजगारीका सीपको माग र तेस्रोतर्फ अन्तर्राष्ट्रिय बजारको तीव्र रूपान्तरणबीचको खाडल घटाउन अब ठोस कदम चाल्न अति जरुरी देखिन्छ।

अहिले नेपालको करिब २३ प्रतिशत जीडीपी रेमिट्यान्समा आधारित छ। लाखौं युवा विदेशमा छन्। उनीहरूको सुरक्षाको जिम्मेवारी पनि राज्यकै हो। कानूनी साक्षरता र सीपसहित पठाउँदा रेमिट्यान्स अझ बढ्न सक्छ। त्यसका लागि तत्काल रणनीति तयार पारेर कार्यान्वयनतर्फ लाग्नुपर्छ। रोजगारी सेवा केन्द्र स्थापना गरौँ र लक्षित कार्यक्रम सञ्चालन गरौँ। विश्वविद्यालयमा सामुदायिक सेवा र स्वयंसेवा अनिवार्य गरौँ। व्यावसायिक शिक्षाको विस्तार गरौँ। अनुसन्धानमा आधारित कार्यक्रम बनाऔँ तर अनुमानका भरमा होइन। श्रम आपूर्ति र मागको उचित मिलान गरौँ। युवाको जोशलाई शक्तिमा परिणत गर्न अब ढिला गर्न हुँदैन।

कृषिप्रधान देशमा आधुनिकता भित्र्याउन सके पनि यसले हजारौंलाई रोजगारी सिर्जना गर्न सक्छ। सिँचाइ, बीमा र बजार पहुँचमा सुधार गरौँ। उत्कृष्ट किसानलाई प्रोत्साहन दिऔँ, यसले गाउँमै रोजगारी सिर्जना गर्छ र केही हदसम्म वैदेशिक रोजगारीको समस्या घटाउन सक्छ। सहकारीमार्फत उत्पादन संकलन र बजार व्यवस्थापन गरौँ। क्षेत्रगत असमानता भएका ठाउँमा ठूला लगानी प्रवाह गरौँ। सबै कुरा प्रमाणमा आधारित बनाऔँ तर राजनीति वा शक्तिको प्रभावमा होइन। यसरी स्वदेशमै दिगो रोजगारी सिर्जना गर्दा जेन–जी र जेन–अल्फाले आन्दोलन होइन अवसर देख्नेछन्।

विद्यालय र कलेजमा निःशुल्क इन्टरनेट सुविधा दिऔँ। शिक्षा प्रणालीलाई डिजिटल बनाऔँ – जस्तै : ई–शिक्षा, ई–शासन, ई–

**–बाँकी तीन पेजमा**

*युवा रोजगारीमार्फत...*

शिक्षण। यी लागत–प्रभावी पनि हुन्छन्। प्रत्येक युवालाई उद्यमशीलता तालिम अनिवार्य गरौं र व्यवसाय विकास केन्द्रहरू प्रत्येक पालिकामा स्थापना गरौं। असक्षम र सीपहीनलाई पुनः तालिम दिऔं। महिला र सीमान्तकृत उद्यमीलाई विशेष प्रावधान सिर्जना गरौं। अति सीमान्तकृतका लागि कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरौं ताकि सबैले आफ्ना अधिकार दाबी गर्न सकून्।

युवा उद्यमशीलतालाई सार्वजनिक रूपमा प्रोत्साहन गरौं। 'कामको संस्कृति' स्थापना गरौं। सफल उद्यमीहरू र आकांक्षी युवाबीच अन्तर्क्रिया गरौं। श्रम संस्कृतिलाई सकारात्मक बनाऔं र श्रमिकका अधिकार सुरक्षित गरौं। देश बोल्नेले होइन, गर्नेले बन्ने हो। शुरू जहिले र जहाँबाट पनि गर्न सकिन्छ। नीति उत्कृष्ट छन् तर कार्यान्वयन कमजोर छ। प्रचारभन्दा काममा ध्यान दिऔं। अहंकार होइन, साझा लक्ष्यमा पहल गरौं। जसले गरे पनि राम्रो कामलाई साथ दिऔं किनभने लाभ अन्ततः नेपाली जनताकै हुनेछ। सोच बदल्दा विकास हुन समय लाग्दैन तर इच्छाशक्ति चाहिन्छ। राजनीति र प्रतिस्पर्धाको भाष्य परिवर्तन गरौं। केही समयका लागि मौन भएर काम गरौं। सबै कुरा ठीक दिशातर्फ जानेछ भन्ने कुरामा कुनै दुईमत देखिँदैन। उज्यालो अनलाइनबाट

*सिरहामा ८० प्रतिशत ...*

बोलाउनुपर्ने व्यवस्था छ।

महासमिति सदस्य तथा ट्रेड युनियन कांग्रेस सिरहा सभापति संजीव उपाध्यायका अनुसार अहिलेको नेतृत्व चुनावमा जाँदा पार्टीलाई थप क्षति हुन्छ। त्यही भएर महाधिवेशन चुनावअघि नै हुनुपर्छ। नियमित भएपनि ठिक नभए विशेष महाधिवेशनमा जानैपर्ने उनले बताए। उनी पनि हस्ताक्षर गरेका छन्।

### प्राइभेट मेडिकल कलेज एसोसिएसनले भन्यो

# नर्सलाई सरकारी सरहको पारिश्रमिक दिँदैनौं

काठमाडौं, २८ असोज। नेपाल प्राइभेट मेडिकल तथा डेन्टल कलेज एसोसिएसनले सरकारले तोके बमोजिमको नर्सलाई सेवा सुविधा नदिने जनाएको छ। एसोसिएसनले स्वास्थ्य मन्त्रालयलाई पत्र पठाउँदै सरकार सरह पारिश्रमिक र सेवा सुविधा लागू गर्न नसक्ने बताएको छ। एसोसिएसनका अध्यक्ष डा. ज्ञानेन्द्र कार्कीले मन्त्रालयलाई पठाएको पत्रमा निजी मेडिकल कलेज तथा डेन्टल कलेजहरूको आर्थिक संरचना लगानी मोडेल र सेवा सञ्चालन प्रणाली सरकारी संस्थानभन्दा पूर्ण रूपमा फरक भएकाले वर्तमान संरचनामा समान पारिश्रमिक दिन नसकिने जनाएको छ।

'सरकारी संस्थाको पूर्वाधार, उपकरण, जनशक्ति सरकारको प्रत्यक्ष लगानी तथा अनुदान उपलब्ध हुने, भत्ता र सुविधा पनि




राज्यले दिन्छ,' विज्ञप्तिमा भनिएको छ, ' निजी मेडिकल कलेजले आफ्नै आम्दानी र स्रोतबाट खर्च गर्नुपर्छ।' मन्त्रालयले २०८१ मंसिर २७ गते सचिवस्तरीय निर्णय गर्दै स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीका लागि न्यूनतम पारिश्रमिक ( ३४७३० रुपैयाँ) र सेवा सुविधा नेपाल सरकार सरह नघट्ने गरी लागू गर्न निर्देशन दिएको थियो।

मन्त्रालयको निर्देशन पछि सेवा सुविधा नपाएको भन्दै मणिपाल मेडिकल कलेज लगायतका नर्सहरू अहिले आन्दोलनमा उत्रिएका छन्। न्यूनतम पारिश्रमिक लागू नभएपछि पुनः मन्त्रालयले निजी मेडिकल कलेज, प्रतिष्ठानलाई सरकारी बमोजिम नै पारिश्रमिक दिन निर्देशन दिएको थियो। मन्त्रालयको निर्देशन पछि एसोसिएसनले पारिश्रमिक बढाउन नसकिने भन्दै पत्र पठाएको छ।

रातदिन बिरामीको सेवा गर्ने नर्सहरूको मासिक पारिश्रमिक १५ हजारको हाराहारीमा मात्रै भएको कार्यरत नर्स भनाइ छ।

जोखिम भत्ता त टाढाको कुरा, अतिरिक्त सेवाबापतको रकमसमेत पाएका छैनन्। सरकारी मापदण्डअनुसार पाँचौ तहको तलब ३४ हजार ७३० रुपैयाँ छ। तर मणिपाल शिक्षण अस्पतालका नर्सहरू अधिकांशले त्यसको आधा तलबमा काम गर्नु परेको बताइरहेका छन् भने वर्षौं सेवा गरिसकेकाहरूको पनि सरकारले तोकेबमोजिक सुविधा नपाएको गुनासो छ। कुनै पनि नर्सले तह, योग्यता र आफूले दिएको अतिरिक्त समयअनुसारको सुविधा अस्पतालबाट नपाएको बताउँछन्। सम्मानजक सुविधाका निम्ति अहिले पोखरा मणिपालका नर्सहरूले हातमा कालोपट्टी बाँधेर आन्दोलन गरिरहेका छन्।

# धनुषाका १२ वटा स्थानीय तहका शिक्षक तलबबाट वञ्चित

**विजयकुमार साह**

ढल्केबर, २८ असोज। धनुषाका १२ वटा स्थानीय तहका शिक्षक तलब भत्ताबाट वञ्चित भएका छन्। स्थानीय तहको आन्तरिक विवाद र प्रशासनीक समास्याका कारण यहाँका शिक्षक तलब भत्ताबाट वञ्चित भएको बताइएको छ। नेपाल शिक्षक संघ धनुषाका सुरेश यादवले मिथिला, छिरेश्वरनाथ, जनकपुरधाम, धनुषाधाम, सहिदनगर, कमला, हंसपुर, धनौजी, मुखियापट्टी मुसहरनिया, मिथिला बिहारी, औरही र जनकनन्दिनी गरी १२ वटा स्थानीय तहका शिक्षक साउन महिनादेखि तलब पाउन नसकेको बताउनुभयो। चाडपर्वको बेलामा समेत तलबभत्ता नपाउँदा शिक्षक निराश बनेको उहाँले सुनाउनुभयो।

उहाँका अनुसार शिक्षकले सम्बन्धित स्थानीय तहका प्रमुखलगायत सरोकारवाला निकायमा पटकपटक ज्ञापनपत्र बुझाए पनि सुनुवाइ हुन सकेको छैन। राष्ट्रिय कर्मचारी आन्दोलन परिचालन समिति छिरेश्वरनाथका संयोजक विष्णुदेव यादवले तलबभत्ता रोकिँदा साधारण जीवन यापन गर्नसमेत आर्थिक संकट उत्पन्न भएको दुखेसो सुनाउनुभयो। उहाँले दसैं, तिहार र छठजस्ता पर्वका बेलामा समेत कर्मचारी तलब भत्ताबाट बञ्चित हुनुपरेको बताउनुभयो। जिल्लाको १८ वटा स्थानीय तहमध्ये पाँच वटा स्थानीय तहले आर्थिक वर्ष २०८२–०८३ को नीति, कार्यक्रम तथा बजेट पारित गर्न नगर सभा गर्न सकेको छैन। नगर सभा सम्पन्न गरेका सात वटा स्थानीय तहले पनि प्रशासनीक समस्याका कारण शिक्षकको लगायतका कर्मचारीको तलब भत्ता उपलब्ध गराउन सकेको छैन। बजेट समयमै नआउँदा स्थानीय विकास, पूर्वाधार निर्माण, स्वास्थ्य र शिक्षा लगायतका क्षेत्रमा समेत असर परेको स्थानीयको भनाइ छ।

छिरेश्वरनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामउदगार अधिकारीले नगर सभा नभएकाले शिक्षकको तलब भत्ता उपलब्ध गराउन नसकिएको बताउनुभयो। नगर प्रमुख सुखदेव यादवले नगर सभा सम्पन्न गर्न नियमित छलफलमा रहेको जानकारी दिनुभयो।

# युद्धको पहिलो महिनामै विपिनको हत्या भएको इजरायली सेनाको दाबी

काठमाडौं, २८ असोज। हमासले फिर्ता गरेको ४ जना बन्धकको शवमध्ये एक नेपाली विद्यार्थी विपिन जोशीको रहेको इजरायली सेनाले पुष्टि गरेको छ। हमासले गएराति इजरायललाई ४ जनाको शव हस्तान्तरण गरेको थियो। इजरायली सेनाले फरेन्सिक परीक्षणबाट शवको पहिचान पुष्टि गरेको बताएको इजरायली सञ्चारमाध्यम द जेरुसेलम पोस्टले जनाएको छ। यसैबीच इजरायली सेनाले युद्धको पहिलो महिनामै गाजामा कैद गरिएको अवस्थामा हमासले विपिन जोशीको हत्या गरेको दाबी गरेको छ।

सन् २०२३ को अक्टुबर ७ तारिखमा हमासले इजरायलमा गरेको अप्रत्याशित आक्रमणपछि जोशीसहित २ सय ५१ जना अपहरणमा परेका थिए। इजरायलमा भएको आक्रमणमा १० जना नेपालीसहित १ हजार २ सय जनाको ज्यान गएको थियो।

विपिनसहित ज्यान गुमाउने १० जना सबै नेपाली सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान संकायमा अध्ययनका क्रममा 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत इजरायल पुगेका विद्यार्थी थिए।

# वीरगञ्ज महानगरको फोहोर व्यवस्थापन : चार करोडको लगानीमा प्लान्ट निर्माण हुने

वीरगञ्ज, २८ असोज। वीरगञ्ज महानगरपालिकाले फोहोरमैला व्यवस्थापनलाई दिगो, वैज्ञानिक र वातावरणमैत्री बनाउन ऐतिहासिक कदम चालेको छ। सोमबार वीरगञ्ज महानगरपालिका कार्यालय, जिरो वेस्ट इनिसिएटिभ नेपाल र सूर्या नेपाल प्रा.लि. बिच करिब चार करोड रुपैयाँको लगानीमा सञ्चालन हुने फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी त्रिपक्षीय सम्झौता सम्पन्न भएको हो। सम्झौता अनुसार महानगरको फोहोर व्यवस्थापन केन्द्र (डम्पिङ साइट) मा पूर्ण रूपमा निजी लगानीमा फोहोर प्रशोधन प्लान्ट निर्माण गरिनेछ।

निर्माण कार्य सम्पन्न भएपछि उक्त प्लान्ट वीरगञ्ज महानगरपालिकालाई हस्तान्तरण गरिनेछ। सम्झौतामा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, सूर्या नेपालका उद्योग प्रमुख सुरेश काजी श्रेष्ठ र जिरो वेस्ट इनिसिएटिभ नेपालका प्रतिनिधिले हस्ताक्षर गरेका छन्। सम्झौता पश्चात् प्रतिक्रिया दिँदै वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले भने," वीरगञ्जलाई फोहोरमुक्त र हरित शहर बनाउने हाम्रो दीर्घकालीन लक्ष्य हो। यो परियोजनाले प्लास्टिकजन्य फोहोर व्यवस्थापनमा नयाँ युगको सुरुवात गर्नेछ। अब फोहोरलाई समस्या होइन, स्रोतका रूपमा उपयोग गर्ने दिशामा महानगर अघि बढ्दै छ।"

महानगरले विगतदेखि नै फोहोर



व्यवस्थापनलाई प्राथमिकतामा राख्दै आएको छ हाल शहरका सडक, चोक र सार्वजनिक स्थलहरू सफा राख्न सफल भएको छ। यही अभियानलाई थप सशक्त बनाउन डम्पिङ साइटमा निर्माण हुन लागेको नयाँ फोहोर प्रशोधन प्लान्टले शहरभरिबाट संकलित फोहोरबाट प्लास्टिक छुट्याएर पुनः प्रयोगमा ल्याउने र जैविक फोहोरबाट मल उत्पादन गर्ने व्यवस्था मिलाइनेछ। महानगरका अनुसार, यो सम्झौताले फोहोर व्यवस्थापन प्रणालीमा ऐतिहासिक फड्को मार्ने, प्लास्टिकजन्य फोहोर नियन्त्रणमा सुधार ल्याउने र वातावरण संरक्षणमा स्थायी योगदान पुर्‍याउनेछ।

सूर्या नेपालका उद्योग प्रमुख सुरेश काजी मर्हजनले भने, "यो परियोजना सम्पन्न भएपछि वीरगञ्ज 'फोहोरमुक्त, स्वच्छ र हरित शहर' बन्ने दिशामा ठोस र दीर्घकालीन कदम अघि बढ्नेछ। हाम्रो उद्योगले सामाजिक उत्तरदायित्व अन्तर्गत यो लगानी गरेको हो। नाफामुखी व्यापारसँगै हामी समाज र वातावरण दुवैप्रति उत्तरदायी रहन चाहन्छौं।"

# अग्निसाइर कृष्णा सवरण गाउँपालिकामा तालाबन्दी



**सुधा देव**

सप्तरी, २८ असोज। अग्नीसाइर कृष्णा सवरण गाउँपालिकाका शिक्षक, कर्मचारी तथा स्वास्थ्यकर्मीहरूले गाउँपालिका र वडा कार्यालयहरूमा मंगलबार तालाबन्दी गरेका छन्। तलब भत्ताको माग गर्दै आइतबारदेखि आन्दोलित रहेका शिक्षक, स्वास्थ्यकर्मीहरूले पालिकाको अध्यक्ष, उपाध्यक्षको कार्यकक्ष, पालिकाको विभिन्न शाखा तथा कार्यालयको मूल गेट र ६ वटै वडा कार्यालयमा तालाबन्दी गरेर पालिकाको मुल गेटमै धर्नामा बसेका छन्। कार्यालयमा तालाबन्दी गरी कार्यालयको गेटमै शिक्षक, कर्मचारी र स्वास्थ्यकर्मी धर्नामा बसेपछि कार्यालयको सेवा पूर्णरूपले प्रभावित भएको छ। सेवाग्राही मारमा परेका छन्।

तलब भत्ताको माग गर्दै पटकपटक पालिकालाई ध्यानाकर्षण गर्दा समेत वास्ता नगरेपछि बाध्य भएर पालिका र मातहतका वडा कार्यालयहरूमा तालाबन्दी गरेर धर्नामा बस्न बाध्य हुनुपरेको मा.वि जण्डोलका प्रधानाध्यापक कामेश्वर मण्डलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "तलब पाउने सुनिश्चित नभएसम्म तालाबन्दी तथा हाम्रो आन्दोलन जारी रहनेछ।" तिहारसम्म पनि तलब भत्ता उपलब्ध हुन सकेन भने अत्यावश्यक सेवा बाहेक यस पालिकाका मातहतका विद्यालय, स्वास्थ्य शाखाहरू तथा कार्यालयहरू छठपछि पूर्णरूपमा बन्द गर्ने उहाँले बताउनुभयो। उहाँहरू गाउँपालिकाको कार्यालयमा ज्ञापनपत्र बुझाउँदै आइतबारदेखि आन्दोलित भएका हुन्।

# महोत्तरीबाट ३० किलो गाँजासहित ५ जना पक्राउ

महोत्तरी, २८ असोज। महोत्तरीबाट ३० केजी गाँजा बरामद भएको छ भने ५ जना समातिएका छन्। बर्दिवास–४ स्थित पञ्चधुरा मन्दिर क्षेत्रबाट झाडीमा लुकाइराखेको १० केजी र मनराशिसवा–२ भोल्हीबाट २० केजी गाँजासहित ५ जना पक्राउ परेको प्रहरीले जनाएको छ।

सर्लाही हरिवन–४ का २३ वर्षका डेनिस घिसिङ, २९ वर्षका राज बुलन, जनकपुर उपमहानगरपालिका–२ का वर्ष २६ का धिरण यादव, वर्ष २४ का उमेश यादवलाई पञ्चधुराबाट नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक शैलेन्द्रकुमार भट्टले जानकारी दिए। त्यस्तै, सरपल्लोबाट भोल्हीतर्फ जाने क्रममा अनटेस्ट लेखिएको पल्सर बाइक जाँच गर्दा फेला परेको ४ पोका (२० केजी) गाँजासहित महोत्तरी सोनमा–१ बस्ने ३१ वर्षका रामभरोस यादवलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको भट्टले बताए।

उनीहरूविरुद्द मुद्दा दायर गरी जिल्ला अदालत महोत्तरीबाट म्याद थप गराई कारबाही प्रक्रिया अघि बढाएको प्रहरीले जनाएको छ।

# वीरगञ्जबाट भन्सार छलीको २ किलो सुन र १० किलो चाँदी बरामद

पर्सा, २८ असोज। सशस्त्र प्रहरी बल नेपाल पर्सा र पथलैयाको राजस्व अनुसन्धान कार्यालयले भन्सार छली गरेर गोदाममा राखेको भन्दै दुई हजार दुई सय ५४ ग्राम सुन र १० हजार तीन सय ५४ ग्राम चाँदी बरामद गरेको छ। विशेष सूचनाका आधारमा वीरगञ्ज महानगरपालिका–८ को अभिषेक सर्राफको घरमा अवैध रूपमा भन्सार छली गरेको सुन र चाँदी गोदाममा रहेको सूचनाका आधारमा यो परिमाणको सुन र चाँदी बरामद गरेको हो। सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले बरामद भएको सुनचाँदी र नगद राजस्व अनुसन्धान कार्यालयमा बुझाइएको जानकारी दिनुभयो।

# विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था गर्न निर्वाचन आयोगलाई एनपीआईको सिफारिस

काठमाडौं, २८ असोज। नेपाल पोलिसी इन्स्टिच्युट (एनपीआई) ले विदेशमा रहेका नेपाली नागरिकका लागि मतदानको व्यवस्था गर्न आग्रह गर्दै निर्वाचन आयोगलाई नौ बुँदे नीति सिफारिस गरेको छ। 'विदेशमा रहेका नेपाली नागरिकका लागि बाह्य मतदानको व्यवस्था आउँदो फागुन २१ गतेको चुनाव र त्यसपछिका सम्भावित उपायहरू' शीर्षकको नीति सिफारिस एनपीआईले निर्वाचन आयोगका आयुक्त जानुका तुलाधर र अन्य पदाधिकारीहरू तथा सचिव माधव पन्तलाई बुझाएको छ।

विश्वका धेरै देशहरूले विभिन्न विधि प्रयोग गरेर विदेशमा रहेका नागरिकलाई मतदानको अधिकार कार्यान्वयन गरेको उल्लेख गर्दै एनपीआईले विदेशमा रहेका नेपालीका लागि मिश्रित प्रकारको बाह्य मतदान विधि सुझाएको छ। मेक्सिकोले सन् २०२४ को संघीय निर्वाचनमा र फिलिपिन्सले सन् २०२५ को चुनावमा विदेशमा रहेका नागरिकलाई मतदानको अधिकार प्रदान गरेका थिए। मेक्सिको र फिलिपिन्सका अनुभवबाट सिक्दै नेपालका लागि मिश्रित बाह्य मतदान मोडेल ( दूतावासमा प्रत्यक्ष मतदान, हुलाकमार्फत मतदान र इन्टरनेटमा आधारित आइ–भोटिङ) अपनाउन सकिने एनपीआईले प्रस्ताव गरेको छ।

लाखौँ नेपाली नागरिक काम, अध्ययन वा अन्य प्रयोजनका लागि विदेशमा रहेको सन्दर्भमा उनीहरूलाई राष्ट्रिय निर्वाचनमा मतदान गर्ने मौलिक अधिकारबाट वञ्चित हुन नपरोस् भन्नका लागि उनीहरूलाई मतदानको अवसर प्रदान गर्नुपर्ने एनपिआईका अध्यक्ष डा. खगेन्द्रराज ढकालले बताउनुभयो।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)